# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. :३९४

मिति: २०८२/१२/२९ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### थाईल्याण्डबाट ल्याएको लागु औषध गाँजा ७ के.जी. सहित २ जना भारतिय नागरिकहरु पक्राउ ।

लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय त्रि.अ.बि. गौचरणमा खटिएको प्रहरी टोलीले Profiling गर्ने क्रममा मिति २०८२।१२।२८ गते Fly Dubai को उडान नम्वर FZ539 मार्फत बैककबाट दुवई हुँदै काठमाण्डौ आएका भारतीय नागरिक पासपोर्ट नम्वर Y9994901 वाहक बर्ष ३९ का MOHSIN SALAUDDIN KHAN लाई शंका लागी निग्रानी गर्दै जाँदा जिल्ला काठमाडौं, का.म.न.पा.वडा न ९ स्थित एक होटलमा प्रवेश गरे पश्चात निजलाई नियन्त्रणमा लिई खानतलासी गर्न निजको होटलकोठामा प्रवेश गर्दा निज भन्दा अगाडी आई उक्त होटलकोठामा बसी रहेका अर्का भारतीय नागरिक पासपोर्ट नम्वर C5124501 वाहक बर्ष ३१ का MOHAMMED RAHIL MOHAMMED TAHIR GANGU समेतका २ जना फेला पारी निजहरुले साथमा ल्याएको २ वटा झोला भित्रबाट लागु औषध गाँजा ७ के.जी. वरामद गरी पक्राउ गरेको ।

थप अनुसन्धानको सिलसिलामा MOHAMMED RAHIL MOHAMMED TAHIR GANGU मिति २०८२।१२।२६ गते Malaysia Airline को उडान नम्वर MH 0781 मार्फत बैककवाट क्वालालामपुर हुँदै काठमाण्डौ आई उक्त होटलकोठामा वसेको र MOHSIN SALAUDDIN KHAN मिति २०८२।१२।२८ गते Fly Dubai को उडान नम्वर FZ539 मार्फत बैककबाट दुवई हुँदै काठमाण्डौ आएपछी सोही होटलकोठामा निजसँग बस्न पुगेको खुल्न आएको ।

**नोट : पक्राउ परेका प्रतिवादीहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेको ।**




**प्रहरी नायव उपरीक्षक**

**(जिवन निरौला)**

**सह-प्रवक्ता**